**निर्णय नं.१ :**

सवारी साधनका लागि हुने इन्धन वापतको खर्चलाई मितव्ययी अपनाई फजुल खर्च नियन्त्रण गर्नका लागि यस नगर कार्यपालिकाको कार्यालय मातहतमा रहेका सवारी साधनहरुलाई तपसिल अनुसारका दरले मात्र इन्धन उपलव्ध गराउने र उल्लेखित सवारी साधनहरुको दुरुपयोग नियन्त्रण गर्ने दायित्व समेत जिम्मेवार कर्मचारीमै रहने व्यवस्था गर्ने ।

**तपसिल**

| सवारी साधन नं. | सवारी साधनको किसिम | मातहत रहने शाखा/उपशाखा | जिम्मेवार कर्मचारी | इन्धन परिमाण मासिक |
|---|---|---|---|---|
| | टाटा पिकअप | कार्यपालिकाको कार्यालय | प्रमुख प्रशासकीय अधिकृत | स्वीकृत लगबुकको आधारमा |
| | टोयोटा हाइलक्स | कार्यपालिकाको कार्यालय | प्रमुख प्रशासकीय अधिकृत | स्वीकृत लगबुकको आधारमा |
| स १ ब ७३३ | मोटरसाइकल | प्रशासन उपशाखा | जिन्सी शाखाका जिम्मेवारीमा रहेका श्री खरिदार राजेन्द्र कुमार खत्री | ६० |
| ज १ ब | | | | |
| बा ३ ब ३६ | स्कूटर | | | |
| बा २ ब ९५६८ | मोटरसाइकल | राजश्व उपशाखा | ना.सु.श्री रमेश धमला | ३० |
| बा २ ब ९५६७ | मोटरसाइकल | पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | इ.श्री दिव्य श्रेष्ठ | ६० |
| ज १ ब ५९० | | | | |
| ज १ ब ५८९ | मोटरसाइकल | आर्थिक प्रशासन शाखा | ले.अ.श्री विष्णु बहादुर भट्टराई | ३० |

**निर्णय नं.२ :**

नेपाल नगरपालिका संघको चलानी नं.०४/०७५/०७६, मिति: २०७४।४।८ को प्राप्त पत्रानुसार महासंघ र यस नगरपालिकावीच आदान गरिने सूचनालाई दिगो, भरपर्दो बनाउका लागि संघसंग निरन्तर सम्पर्कमा रहने गरी यस कार्यालयका शाखा अधिकृत श्री नईन्द्र राज राई लाई फोकल पर्सन तोक्ने निर्णय गरियो ।

**निर्णय नं.३ :**

हिन्दुहरुको महान चाड बडादशैं र दिपावली मनाउने क्रममा आवत जावत गर्ने मानिसहरु, सवारी तथा ढुवानीका साधनहरु आवत जावत गर्न र चाडका लागि आवश्यक दैनिक उपभोग्य खाद्य लागायतका सामाहरुको ढुवानी कार्यमा सहजता ल्याउनका लागि बर्षायामको भलपानीबाट क्षतिग्रस्त नगरस्थित मूख्य मूख्य सडकहरुको मर्मत सम्भार गर्ने व्यवस्था गर्न तपसिल अनुसार गर्ने ।

(क) सडकमा झरेको पहिरोको माटो पन्छाउनको लागि नगरपालिकाको व्याक होई लोडर प्रयोग गर्ने ।

(ख) सडकमा परेको खाल्टा पुर्ने र हिलो जमेका ठाउँहरु पुरेर सडकको सतह उकास्ने कार्यको लागि नगरपालिकाको व्याक होई लोडर ट्रिपर र रोलर प्रयोग गर्ने र सो क्रममा आवश्यक पर्ने स्थानीय सामाग्री उपलव्ध गराउने र सडक मर्मत कार्यको लागि प्राविधिकले वडा अध्यक्षसँगको समन्वय र प्रत्यक्ष अनुगमनमा नगरपालिकामा प्रतिवेदन पेश गर्ने ।

(ग) सम्वन्धित वडाको वडा अध्यक्षको समन्वयमा सडक मर्मतको काममा लाग्नसक्ने अनुमानित लागत (समय र इन्धन) को अनुमान तयार गर्ने, काम गर्ने समय तालिका निर्धारण गर्ने र कार्यालयबाट खटिने कर्मचारी तथा उपकरणहरुको व्यवस्थापन गर्ने जिम्मेवारी सडक तथा अन्य भौतिक पूर्वाधार विकास उपशाखाका इञ्जिनियरको हुने ।

(घ) मर्मत गरिनुपर्ने मूख्य सडकहरुको स्थलगत रुपमा अनुगमन गरी लागत अनुमान तयार गर्नको लागि तत्काल प्राविधिक खटाई प्राविधिकबाट प्राप्त प्रतिवेदनको आधारमा सडक मर्मत प्रक्रिया अगाडी बढाउने ।

(ङ) सडक मर्मतको क्रममा आवश्यक इन्धन वापतको खर्च चालु आ.व.को कन्टेन्जेन्सी तर्फको खर्च शीर्षक नं.२२२१२ बाट व्यहोर्ने व्यवस्था गर्ने ।

**निर्णय नं.४ :**

यस नगरपालिकाका उप प्रमुखको कार्यकक्ष कोठासँगै जोडिएर रहेको खुल्ला छतमा वरीपरि रेलिङ् र माथि गोलो छाना लगाइ सेवाग्राही सहायता कक्ष र प्रतिक्षालय सञ्चालन गर्न उपयुक्त देखिएकोले उक्त कार्यको ल.इ.गराई कार्य सम्पन्न गराउने र सो वापतको रकम चालु आ.व.को लागि स्वीकृत पूँजिगत विभिन्न कार्यालय व्यवस्थापन शीर्षकबाट भूक्तानी दिने ।

**निर्णय नं.५:**

यस नगरपालिकाको भूभागमा पर्ने तपसिलमा उल्लेखित नदी तथा खोलाहरुबाट ढुङ्गा, गिटी र वालुवा जस्ता नदीजन्य वस्तु उत्खनन् गरी विक्री गर्नका लागि वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियामावली, २०५४ मा व्यवस्थित प्रावधान अनुसार वातावरणीय प्रभाव मूल्याङ्कन गराउन सम्वन्धित परामर्शदाताहरुबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गर्न पत्रिकामा सूचना प्रकाशन गर्ने ।

**<u>तपसिल</u>**

१.दूधकोशी मुलघाट तलुवा

२.ठोटनेखोला रुम्जाटार

३.सिस्नेखोला रुम्जाटार र बर्नालु

४.लिपेखोला ओखलढुङ्गा

५.पोक्तिङ्खोला विगुटार

६.मोलुङ्खोला ज्यामिरे अँधेरी दोभान

**निर्णय नं.६:**

शहरी विकास तथा भवन निर्माण विभागको चलानी नं.५ मितिः २०७५।४।१७ को प्राप्त पत्रानुसार यस नगरपालिकाको सहरी विकास योजना तयार गर्ने कार्यको योजना तर्जुमा प्रक्रियामा आवश्यक समन्वय तथा मार्गदर्शन प्रदान गर्नको लागि देहाय बमोजिमको निर्देशक समिति र बिषयगत समिति गठन गर्ने निर्णय गरियो ।

## तपसिल

## निर्देशक समिति

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| नगर उप प्रमुख | सदस्य |
| वडा नं.३ का वडा अध्यक्ष श्री रहरमान राई | सदस्य |
| वार्ड नं.४ का वडा अध्यक्ष श्री रत्न बहादुर गुरुङ् | सदस्य |
| वार्ड नं.५ का वडा अध्यक्ष श्री कुल प्रसाद दाहाल | सदस्य |
| वार्ड नं.६ का वडा अध्यक्ष श्री मदन बहादुर मगर | सदस्य |
| वडा नं.८ का वडा अध्यक्ष श्री हेम बहादुर तामाङ् | सदस्य |
| नं.१२ का वडा अध्यक्ष श्री विनोद श्रेष्ठ सदस्य | सदस्य |
| कार्यपालिका श्री बालासरी राई | सदस्य |
| समाजसेवी/लव्ध प्रतिष्ठित श्री मोहन के.सी. | सदस्य |
| समाजका लव्ध प्रतिष्ठित श्री गुण बहादुर खड्का वार्ड नं.९ | सदस्य |
| समाजका लव्ध प्रतिष्ठित श्री प्रकाश कटवाल वार्ड नं.४ | सदस्य |
| समाजका लव्ध प्रतिष्ठित श्री खोटनाथ चौलागाई वार्ड नं.८ | सदस्य |
| समाजका लव्ध प्रतिष्ठित श्री ज्ञानमाया राई वार्ड नं.१२ | सदस्य |
| समाजका लव्ध प्रतिष्ठित श्री विमला वि.क.वार्ड नं.११ | सदस्य |
| समाजका लव्ध प्रतिष्ठित श्री सिताराम दाहाल वार्ड नं.३ | सदस्य |
| प्रशासन तथा योजना अनुगमन शाखाका प्रमुख श्री नइन्द्रराज राई | सदस्य सचिव |

## विषयगत समिति :

**क. भौतिक पूर्वाधार विकास समितिः**

वार्ड नं.१ का वडा अध्यक्ष श्री केदरबावु बस्नेत - संयोजक

कार्यपालिका सदस्य श्री डोल्मा शेर्पा - सदस्य

विषयगत कार्यालयका प्रमुखहरु - सदस्य

सडक तथा अन्य पूर्वाधार विकास उपशाखाका प्रमुख -सदस्य

**ख.वातावरण तथा विपद् व्यवस्थापन समिति :**

वार्ड नं.११ का वडा अध्यक्ष श्री विनोद के.सी. - संयोजक

कार्यपालिका सदस्य श्री शर्मिला कट्वाल - सदस्य

विषयगत कार्यालयका प्रमुखहरु - सदस्य

वातावरण सरसफाई तथा विपद् व्यवस्थापन उपशाखाका प्रमुख - सदस्य

**ग. समाजिक विकास समितिः**

वार्ड नं.१० का वडा अध्यक्ष श्री दामोदर धमला - संयोजक

कार्यपालिका सदस्य श्री राधा निरौला - सदस्य

विषयगत कार्यालयका प्रमुखहरु - सदस्य

सामाजिक सुरक्षा तथा पञ्जिकरण उपशाखाका प्रमुख - सदस्य

**घ. आर्थिक विकास समितिः**

वार्ड नं.२ का वडा अध्यक्ष श्री कृष्ण बहादुर कार्की - संयोजक

कार्यपालिका सदस्य श्री अनिता गुरुङ् - सदस्य

विषयगत कार्यालयका प्रमुखहरु - सदस्य

आर्थिक विकास शाखाका प्रमुख - सदस्य

**ङ. वित्तिय विकास समिति :**

वार्ड नं.९ का वडा अध्यक्ष श्री दान बहादुर वानिया -संयोजक

कार्यपालिका सदस्य श्री धिराज ठटाल - सदस्य

विषयगत शाखा कार्यालयका प्रमुखहरु - सदस्य

कानून शाखाका प्रमुख - सदस्य

**च. संस्थागत (सार्वजनिक सेवा तथा क्षमता विकास) समितिः**

वार्ड नं.७ का वडा अध्यक्ष श्री बम बहादुर राई - संयोजक

कार्यपालिका सदस्य श्री पशुपति गुरुङ् - सदस्य

विषयगत कार्यालयका प्रमुखहरु - सदस्य

प्रशासन उपशाखाका खरिदार श्री राजेन्द्र कुमार खत्री - सदस्य

**निर्णय नं.७ :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ११ ख. र यस नगरपालिकाको सहकारी ऐन, २०७५ मा व्यवस्थित प्रावधानहरु कार्यान्वयन सम्वन्धमा अन्तरक्रियात्मक छलफलका लागि यस नगरपालिकास्थित सबै सहकारी संस्थाका अध्यक्ष र कोषाध्यक्षहरु र नगरपालिकाको आर्थिक ऐन, २०७५ कार्यान्वयनको लागि नगरस्थित सबै बैंक र लघुवित्त संस्थाहरुको  छुट्टाछुट्टै भेलाको आयोजना गर्ने ।

**निर्णय नं.८ :**

यस नगरपालिकास्थित बजारक्षेत्रमा सवारी तथा ढुवानीका साधनहरु आफूखुशी जतातततै पार्किङ् गर्ने गरेको कारण दैनिक आवागमनमा अवरोध परिरहेको व्यहोरालाई मध्यनजर गर्दै नगरक्षेत्रमा पार्किङ् गरिने सवारी तथा ढुवानीका साधनहरुलाई नगरपालिका र साझेदारहरुको सहकार्यमा के कसरी पार्किङ् व्यवस्थापन गर्न सकिन्छ सो सम्वन्धमा अन्तररक्रियात्मक छलफल गर्न भेलाको आयोजना गर्ने ।

**निर्णय नं.९ :**

यस नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ को दफा ५(१) बमोजिम नगरपालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरु र स्वास्थ्य सेवाको रेखदेख र अनुगमन गर्न तपसिल अनुसारको स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको गठन गर्ने ।

(क) नगरपालिकाको उपप्रमुख - अध्यक्ष
(ख) नगरपालिकाको सामाजिक समितिको संयोजक  श्री दामोदर धमला - सदस्य
(ग) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट  वाड नं. ९ का श्री भैरव के सि - सदस्य
(घ) आमा समूह र महिला स्वास्थ्य स्वंयम सेविका सञ्जाल मध्येबाट वाड नं. १२ की महिला स्वस्थ्य स्वयंम सेवीका श्री पार्वती श्रेष्ठ - सदस्य
(ङ) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अध्यक्ष मध्येबाट प्रत्येक बर्ष परिवर्तन हुने गरी वाड नं. १ का वडा अध्यक्ष श्री केदार वावु वस्नेत - सदस्य
(च) स्वास्थ्य इकाइका प्रमुख - सदस्य सचिव

माथि उल्लेखित स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिले तत्कालै नगरक्षेत्रमा सञ्चालित स्वास्थ्य संस्थाहरु, पोलिक्लिनिक, ल्याबोरेटोरी, फार्मेसीहरुको अनुगमन गरी सो को प्रतिवेदन आगामी कार्यपालिका वैठकमा पेश गर्ने ।

**निर्णय नं.१० :**

ओखलढुङ्गा जिल्लास्थित लिखु गाउँपालिका अन्तरगतको गाम्नाङ्टारमा जन्म भएका समाजसेवी एवम् वुद्धिजिवी श्री लोककृष्ण भट्टराईबाट यस नगरपालिकास्थित सामुदायिक माध्यमिक विद्यालयहरुमा अध्ययनरत छात्राहरुमध्ये असहाय, विपन्न र दलित मध्येका १/१ जना छात्राको छनौट गरी आर्थिक सहयोग उपलब्ध गराउन यस नगरपालिकालाई रु.११११।- (एघार हजार एकसय एघार) प्राप्त भएकोमा उक्त रकममा यस नगरपालिकाबाट रु.१९,०००।-(उन्नाइस हजार) थप गरी नगरपालिकाक्षेत्रका १५ वटै माध्यमिक विद्यालयहरुमा अध्ययनरत छात्राहरुमध्येबाट माथि उल्लेख भए बमोजिमको मापदण्डभित्र पर्ने १/१ जना छात्राहरुको छनौट गरी जनही रु.२०००।- (दुई हजार) का दरले आर्थिक सहयोग उपलव्ध गराउने र उल्लेखित सहयोग गरे वापत समाजसेवी वुद्धिजिवी श्री लोककृष्ण भट्टराईलाई धन्यवाद ज्ञापन गर्ने ।

**निर्णय नं. ११ :**

एक गाउँ एक कृषि प्राविधिक कार्यक्रम अन्तरगत गतः आर्थिक बर्षसम्म यस नगरपालिका अन्तरगत कार्यरत तपसिलमा उल्लेखित ना.प्रा.स.कृषि प्राविधिकहरुका लागि सशर्त अनुदानबाट चालु आ.व.मा समेत तलव निकासा प्राप्त भएको हुँदा प्राप्त निकासाको आधारमा निजहरुको सेवालाई चालु आ.व.मा समेत निरन्तरता दिने ।

**तपसिल**

१.ना.प्रा.स.श्री निशाना गुरुङ

२.ना.प्रा.स.श्री निलम गुरुङ्

३.ना.प्रा.स.श्री मिङ्मार शेर्पा

४.ना.प्रा.स.श्री बाल कुमारी आले मगर

**निर्णय नं.१२ :**

यस नगरपालिकाको बजार अनुगमन निर्देशिका, २०७५ को दफा ७ को उपदफा २ बमोजिम गठन हुने बजार अनुगमन टोली तपसिल अनुसार गठन गर्ने ।

(क) कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने कानून शाखाका प्रमुख -संयोजक

(ख) सम्वन्धित विषयगत क्षेत्रको प्रतिनिधि-

कृषि इकाईका संयोजक - सदस्य

स्वास्थ्य इकाईका संयोजक - सदस्य

पशुसेवा इकाईका संयोजक - सदस्य

शिक्षा शाखाका प्रमुख - सदस्य

(ग)स्थानीय सुरक्षा निकाय (नेपाल प्रहरी) को प्रतिनिधि -सदस्य

(घ) उपभोक्ता हित संरक्षणमा क्रियाशील संस्था वा व्यक्तिहरु मध्येबाट सम्वन्धित संस्थाबाट तोकिएका एकजना महिला सहित दुईजना - सदस्य

(ङ) स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि एकजना - सदस्य

(च) स्थानीय पत्रकार/सञ्चारकर्मी एकजना - सदस्य

**निर्णय नं.१३ :**

यस नगरपालिकाको चालु आ.व.०७५/०७६ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार अन्तरगतको न्यायिक समितिको दक्षता अभिवृद्धिका लागि नगरस्थित १२ वटै वडाहरुलई लक्षित गरी मेलमिलापकर्ता तालीम सञ्चालन गर्ने व्यवस्था गर्ने ।